कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२५९ बारा, २०८३ मंसिर ८ गते मंगलबार / पूर्णिमा / नेपाल संवत् ११४७ / Tuesday, November 24 2026 / पृष्ठ ४ /मूल्य रू. ५/- पाँच

मधेशमा मध्यावधि निर्वाचनको जोखिम



कृष्णउदास खनाल

वीरगञ्ज,७ मंसिर/मधेश प्रदेशको मुख्यमन्त्रीमा जनता समाजवादी पार्टी (जसपा) नेपालका संसदीय दलका नेता सरोजकुमार यादव नियुक्त हुनुभएको छ ।

प्रदेश प्रमुख डा. सुरेन्द्रलाभ कर्णले नेपालको संविधानको धारा १६८ को उपधारा (३) बमोजिम प्रदेशसभामा सबैभन्दा ठूलो दलको संसदीय दलका नेताको हैसियतमा यादवलाई मुख्यमन्त्री नियुक्त गर्नुभएको हो ।

संविधानको धारा १६८ को उपधारा (२) बमोजिम दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत जुटाउन दिइएको शुक्रबार दिउँसो ४ बजेसम्मको समयसीमाभित्र कुनै पनि दल वा प्रदेशसभा सदस्यले दावी पेस नगरेपछि शनिवार यादवलाई नियुक्त गरिएको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ । यो नियुक्तिसँगै यादवले दोस्रो पटक मधेश प्रदेश सरकारको नेतृत्व सम्हाल्ने अवसर प्राप्त गर्नुभएको छ ।

अल्पमतको हैसियतमा सरकारको नेतृत्वमा पुग्नुभएका यादवका अगाडि अवसरभन्दा बढी राजनीतिक तथा संवैधानिक चुनौतीका चाङ देखिएका छन् । नवनियुक्त मुख्यमन्त्रीका लागि

बाँकी तेश्रो पेजमा

मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन उद्घाटन, अमलेखगञ्जमा शिलालेख अनावरण



सिमरा, ७ मंसिर/मोतिहारी(अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन अन्तर्गत निर्माण भएको दोस्रो चरणको परियोजनाको सोमबार उद्घाटन गरिएको छ । नेपालका प्रधानमन्त्री बालेन्द्र शाह र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ दिल्लीबाट संयुक्तरूपमा परियोजनाको डिजिटल उद्घाटन गरेपछि अमलेखगन्जमा शिलाखेल अनावरण गरिएको हो ।

दुई देशका प्रधानमन्त्रीले नयाँ दिल्लीबाट परियोजनाको उद्घाटन गरेलगत्तै बाराको अमलेखगञ्जस्थित नेपाल आयल निगमको प्रादेशिक कार्यालयमा पनि शिलालेख अनावरण गरिएको थियो । नेपाल र भारतका सरकारी अधिकारीहरूको उपस्थितिमा शिलालेख अनावरण तथा हस्तान्तरण कार्यक्रम गरिएको हो । कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेल, बाराका प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारी, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव नेत्रप्रसाद सुवेदी, नेपाल आयल निगमका नायब कार्यकारी निर्देशक पूर्णप्रसाद रिजाललगायतको उपस्थिति थियो ।

यसैगरी नेपालस्थित भारतीय दूतावासका प्रथम सचिव श्रीनारायण सिंह, इन्डियन आयल कर्पोरेसन (आइओसी) पटनाका प्रमुख आलोककुमार रोय, अमित दास गुप्तालगायत भारतीय अधिकारीहरू कार्यक्रममा सहभागी थिए

२०७६ सालमै पहिलो चरणको काम सम्पन्न भई सञ्चालनमा आएको यस परियोजनामा थप दुई अर्ब ६४ करोड रुपैयाँको लगानीमा नयाँ पूर्वाधार थप गरिएको हो । दोस्रो चरणको निर्माणमा नेपाल आयल निगमले एक अर्ब ६४ करोड र भारतले एक अर्ब रुपैयाँ खर्च गरेको छ ।

यस चरणमा नेपालको तर्फबाट चार हजार एक सय किलोलिटर क्षमताको पेट्रोल ट्याङ्की, २४ 'बे' को ट्याङ्कर(ट्रक लोडिङ ग्यान्ट्री, टर्मिनल अटोमेसन सिस्टम र गुणस्तर नियन्त्रण प्रयोगशाला निर्माण गरिएको छ। यसैगरी भारतको लगानीमा चार हजार एक सय किलोलिटर क्षमताको अर्को पेट्रोल

बाँकी तेश्रो पेजमा

कलैयाको 'भूमि प्रशासन शाखा' जिल्ला मालपोत कार्यालयबाट सञ्चालन हुने



कलैया, ७ मंसिर/कलैया उपमहानगरपालिकामा आगामी सातादेखि 'भूमि प्रशासन शाखा' सञ्चालनमा आउने भएको छ ।

स्थानीय तहबाटै भूमि प्रशासनसम्बन्धी सेवा प्रवाह गर्ने सरकारको नीतिअनुसार बारा जिल्लाका १६ वटै पालिकामा मालपोत तथा नापी कार्यालयको एकीकृत सेवा सञ्चालन गर्ने निर्णय गरेपछि कलैयामा पनि शाखा संचालनमा आउने भएको हो ।

कलैया उपमहानगरपालिकाको लागि हुने उक्त शाखा हाल सञ्चालनमा रहेको मालपोत कार्यालयको भुइँतल्लाबाट सञ्चालन गरिने भएको छ। जिल्लाका अन्य १५ पालिकाले भने आ(आफ्नै पालिकाको केन्द्रमा भूमि प्रशासन शाखा स्थापना गरी सेवा सञ्चालन गर्ने तयारी गरेका छन् ।

कलैया उपमहानगरपालिकाका प्रमुख विनोद साहले उपमहानगरपालिकाको भूमि प्रशासन शाखा मालपोत कार्यालयकै भवनमा सञ्चालन गर्नुपर्ने अडान लिएपछि यस विषयमा मौखिक सहमति जुटेको हो ।

सोमबार मालपोत कार्यालयमा आयोजित छलफल कार्यक्रममा नगर प्रमुख साहले कलैया उपमहानगरपालिका जिल्ला सदरमुकामसमेत रहेकाले यहाँ स्थापना हुने भूमि प्रशासन शाखा हालकै मालपोत कार्यालयमा सञ्चालन गर्दा भवनको प्रभावकारी उपयोग हुनुका साथै सेवाग्राहीलाई समेत सहज हुने बताउनुभएको थियो । उहाँले उपलब्ध पूर्वाधारको सदुपयोग गर्दै नागरिकलाई सहज र छरितो सेवा प्रदान गर्ने उद्देश्यले शाखा मालपोत कार्यालयमै राख्न आग्रह पनि गर्नुभएको थियो ।

नगर प्रमुख साहको प्रस्तावमा मालपोत कार्यालयका प्रमुख भूमि प्रशासन अधिकृत शालिकराम ढकालले समेत सहमति जनाउनुभएको थियो । त्यससँगै कलैयामा भूमि प्रशासन शाखा मालपोत कार्यालयकै भवनबाट सञ्चालन गर्ने विषयमा सहमति बनेको हो ।

छलफलमा कलैया उपमहानगरपालिकाका वडा नं. २६ का अध्यक्ष धर्मेन्द्र यादव, कलैया उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रेशमलाल कडेल, कार्यालयका शिक्षा शाखा प्रमुख राजिव

बाँकी तेश्रो पेजमा

रौतहटमा सहकर्मीलाई अपमानजनक गाली गर्ने प्रहरी हवल्दार महतो निलम्बित

रौतहट, ७ मंसिर/जिल्ला प्रहरी कार्यालय गौरको सञ्चार शाखामा कार्यरत प्रहरी हवल्दार बुधन महतो निलम्बनमा परेका छन् । आफ्नै सहकर्मीलाई फोनमा अपमानजनक शब्द प्रयोग गरी गालीगलौज गरेको अडियो सार्वजनिक भएपछि महतोलाई मधेस प्रदेश प्रहरी कार्यालयले निलम्बन गरेको हो ।

डुमरिया सुरक्षा बेसमा कार्यरत हवल्दार सुरेशप्रसाद यादवलाई आफू प्रहरी नायब निरीक्षक (सई) भएको बताउँदै अपमानजनक शब्द प्रयोग गरी गालीगलौज गरेको अडियो सार्वजनिक भएको थियो । उक्त घटनापछि मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले आइतबार महतोलाई निलम्बन गर्दै विभागीय कारवाही प्रक्रिया अघि बढाएको हो ।

घटनाको छानबिनका लागि प्रदेश प्रहरी कार्यालयले शनिबार दुवै प्रहरी कर्मचारीलाई जनकपुर बोलाएर सोधपुछ गरेको थियो । घटनामा प्रयोग भएको भाषा, शब्द र शैलीप्रति गम्भीर ध्यानाकर्षण भएको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी प्रभुप्रसाद ढकालले बताउनुभयो । दुवैबीच भएको घटनाको कारणबारे अनुसन्धान भइरहेको र अपशब्द प्रयोग गर्ने हवल्दार महतोलाई निलम्बन गरी कारबाही प्रक्रिया अघि बढाइएको उनले जानकारी दिनुभयो ।

बाँकी तेश्रो पेजमा

आफ्नो नामको काठ रकम बुझाएर उठाउन निजगढको बकैयाठाकुर वन समूहको उपभोक्तालाई आग्रह



निजगढ, ७ मंसिर/ निजगढ ९ स्थित बकैया ठाकुर सामुदायिक वन उपभोक्ता समूहले आफ्नो भागमा परेको काठ रकम बुझाएर लैजान उपभोक्ताहरुलाई आग्रह गरेको छ ।

समूहको आन्तरिक खपत अन्तर्गत उपभोक्ताहरुलाई बिक्री वितरण प्रक्रियामा रहेको काठमध्ये केही उपभोक्ताहरुले छनौट गरेर पनि नउठाएकाले आफ्नो नाममा परेको काठ नियम अनुसारको रकम समूहको बैङ्क खातामा जम्मा गरेर तत्काल लैजान भनेको हो ।

समूहले १ महिनाअघि आन्तरिक खपतको लागि करिब २ हजार ६ सय क्विफिट काठ उपभोक्ताहरुमा वितरण गर्न गोला प्रथामार्फत प्रक्रिया सुरु गरेको थियो ।

समूहकी सचिव शारदा फकामीले

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

सम्पादकीय.....

द्विपक्षीय सहमतिको सार्थकता र कार्यान्वयनको कसी

नेपालका प्रधानमन्त्री बालेन्द्र शाह र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच नयाँ दिल्लीमा सम्पन्न उच्चस्तरीय भेटवार्ता तथा दुई देशबीच भएका महत्त्वपूर्ण सहमतिहरूले नेपाल(भारत सम्बन्धमा विकास र सहकार्यको नयाँ अध्याय थपेको छ ।

युवा पुस्ताको नेतृत्व र जनआकाङ्क्षाको प्रतिनिधित्व गर्दै प्रधानमन्त्री बनेका शाहको यो पहिलो राजकीय भारत भ्रमण केवल औपचारिक कूटनीतिमा मात्र सीमित नरही ठोस आर्थिक र पूर्वाधार साझेदारीतर्फ केन्द्रित देखिनु सकारात्मक पक्ष हो । भ्रमणका क्रममा जनकपुर(अयोध्या साप्ताहिक रेल सेवा तथा महाकाली नदीमाथिको मोटरेबल पुलको संयुक्त उद्घाटन हुनुका साथै ६६९ मेगावाटको तल्लो अरुण जलविद्युत् आयोजनाको शिलान्यास र भैरहवा(लखनउ दुईतर्फी हवाई मार्ग सञ्चालनमा भारत सहमत हुनुले पारस्परिक 'कनेक्टिभिटी' र ऊर्जा व्यापारमा ऐतिहासिक फड्को मारेको छ ।

त्यसैगरी, भारतले विपद्पछिको पुनर्निर्माण, नयाँ पूर्वाधार र ऊर्जा क्षेत्रका लागि २४० अर्ब नेपाली रुपैयाँ बराबरको विकास सहायता प्याकेज घोषणा गर्नु, नेपालमा भारतीय प्रविधि संस्थान (आईआईटी) को शाखा स्थापना गर्ने निर्णय गर्नु तथा फरेन्सिक विज्ञान, प्रहरी तालिम, प्रशासनिक क्षमता अभिवृद्धि, आयुर्वेद, स्याटेलाइट सञ्चार, सहरी विकास, स्वास्थ्य र पशुपालन गरी आठ विभिन्न क्षेत्रमा समझदारीपत्र (एमओयू) आदानप्रदान हुनु स्वागतयोग्य कदम हो ।

तर, विगतका अनुभवले के देखाउँछ भने उच्चस्तरीय भ्रमणका क्रममा हस्ताक्षर गरिएका कैयौँ सम्झौता र घोषणाहरू कागजमै सीमित रहने प्रवृत्ति नेपालका लागि सधैँ चुनौतीपूर्ण रहँदै आएको छ ।

सहमति गर्नु जति महत्त्वपूर्ण छ, त्यसलाई समयसीमाभित्रै कार्यान्वयनमा लैजानु झनै जटिल र निर्णायक पक्ष हो । तसर्थ, यी सहमति र सहयोगलाई केवल कूटनीतिक औपचारिकतामा मात्र सीमित नराखी स्पष्ट समयबद्ध कार्ययोजना, प्रभावकारी द्विदेशीय समन्वय र बलियो प्रशासनिक संयन्त्रमार्फत द्रुत गतिमा कार्यान्वयनमा लैजानु आजको मुख्य आवश्यकता हो ।

दुवै देशले आ(आफ्नो तर्फबाट प्रतिबद्धता अनुरूप परियोजनाहरूलाई निर्धारित समयमै सम्पन्न गर्न सके मात्र यो ऐतिहासिक सहमतिले नेपाली किसान, युवा, विद्यार्थी र उद्यमीहरूको समृद्धिको आकाङ्क्षालाई सार्थक तुल्याउन सक्नेछ ।



आयोगमा नेतृत्वका आधार



सन् १९९३ डिसेम्बर २० मा संयुक्त राष्ट्रसङ्घीय महासभाबाट सदस्य राष्ट्रहरूमा मानव अधिकारको प्रवर्धन र संरक्षण गर्न व्यापक क्षेत्राधिकारसहित राष्ट्रिय मानव अधिकार संस्था स्थापना गर्ने प्रस्ताव पारित भएको थियो । यस प्रस्तावलाई पेरिस सिद्धान्त भनेर पनि चिनिन्छ । पेरिस सिद्धान्तको उद्देश्य र भावना अनुसार विश्वभरि नै मानव अधिकार संस्था स्थापना गर्ने क्रमको सुरुवात भयो । यसै क्रममा नेपालमा पनि राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३ जारी भई राष्ट्रिय मानव अधिकार आयोग गठन भएकोमा, सो ऐन प्रतिस्थापन भई विसं २०६८ मा नयाँ ऐन जारी भयो । नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको समयदेखि नै यो आयोग संवैधानिक आयोगको रूपमा रहेको छ ।

संसारभरका राष्ट्रिय मानव अधिकार संस्थाहरूको पहल र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयको समन्वयमा राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी सञ्जालको स्थापना भएको हो । पेरिस सिद्धान्तको पालना वा अनुसरण भए, नभएको भन्ने मूल्याङ्कनसमेतका आधारमा राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी सञ्जाल अन्तर्गतको स्तर निर्धारण उपसमितिले सदस्य राष्ट्रहरूलाई 'क' र 'ख' वर्गमा वर्गीकरण गर्ने गरेको छ । हाल राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी सञ्जालका १२९ वटा सदस्य राष्ट्रमध्ये ९२ राष्ट्र 'क' र २७ राष्ट्र 'ख' स्तरमा वर्गीकृत छन् । नेपालको राष्ट्रिय मानव अधिकार आयोग स्थापनाकालदेखि हालसम्म निरन्तर 'क' स्तरमा रहेको छ । विसं २०८३ माघ २० गतेबाट आयोगका वर्तमान पदाधिकारीहरूको पदावधि समाप्त हुँदै छ । तत्पश्चात् यस आयोगमा कस्ता पदाधिकारीहरू नियुक्त भई जिम्मेवारी लिने छन् ? यो राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा चासो लिइने, सार्वजनिक सरोकारको विषय हो ।

कामकारबाही र चुनौती

नेपालको संविधानले आयोगलाई बृहत् कार्यादेश प्रदान गरेको छ । दक्षिण एसियामा रहेका ठुला लोकतान्त्रिक राष्ट्रहरूमा रहेका मानव अधिकार संस्था र नेपालको आयोगको कार्यादेश तुलनात्मक रूप अध्ययन गर्ने हो भने नेपालको संविधान र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले आयोगलाई प्रदान गरेको कार्यादेश बृहत् र प्रगतिशील देखिन्छ । यस्तो बृहत् कार्यादेश हुँदाहुँदै पनि आयोगले हालसम्म गरेका कामकारबाहीको मूल्याङ्कन गर्ने हो भने नागरिक तथा राजनीतिक अधिकारको क्षेत्रमा धेरै कार्य गरेको छ तर आर्थिक, सामाजिक तथा सांकृतिक अधिकारमा तुलनात्मक रूपमा पर्याप्त कार्य हुन सकेको छैन । यस्तो परिस्थितिमा विकास र मानव अधिकार, व्यवसाय र मानव अधिकार, सुशासन र मानव अधिकार जस्ता नयाँ क्षेत्रमा काम गर्नुपर्ने छ । यसबाहेक आगामी दिनमा डिजिटल विश्वमा आधारित कृत्रिम बुद्धिमत्ता र मानव अधिकारका विषयमा पनि कार्य गर्नैपर्ने अवस्था छ । आयोगले उल्लिखित चुनौतीहरूको सामना गर्नुपर्ने दायित्व एकातिर छ भने अर्कातिर कसरी आयोगको नियुक्तिहरूलाई पेरिस सिद्धान्त अनुकूल बनाउने, मानव अधिकारका बहुआयामिक क्षेत्रको सम्बोधन तथा समसामयिक मानव अधिकारका सवालमा काम गर्न कसरी वातावरण निर्माण गर्ने भन्ने चुनौती रहेको छ। आयोगलाई मानव अधिकार उल्लङ्घनमा अनुसन्धान गर्ने अर्धन्यायिक अधिकारसमेत संविधानले प्रदान गरेको परिप्रेक्षमा नेपाल प्रहरीबाट अवकाशप्राप्त अधिकारी वा फौजदारी कानुनका ज्ञाताको आवश्यकता पर्छ कि पर्दैन ? यस विषयमा समेत खुला विमर्श आवश्यक छ ।

अबको नियुक्ति

नेपालको संविधान र सम्बन्धित कानुनमा व्यवस्था भएबमोजिम योग्यता पुगेको, उच्च नैतिक आचरण भएको र समावेशीको सिद्धान्त अनुसरण गरी कुनै पनि व्यक्तिले अब नियुक्ति पाउन सक्छ भन्ने प्राविधिक व्याख्या मात्रै गरियो भने आयोग जस्तो संस्थाप्रति न्याय हुन सक्दैन । संविधान र कानुनले तोकेको योग्यता अनिवार्य रूपमा पुग्नै पर्छ भन्नेमा कुनै विवाद नरहला तर त्यसबाहेक कसैमा रहेको अतिरिक्त योग्यतालाई पनि सिफारिसकर्ता र नियुक्तिकर्ताले कम आकलन गर्न मिल्दैन ।

आयोगको स्थापनाकालदेखि हालसम्म विश्वविद्यालयस्तरदेखि नै फौजदारी न्याय प्रशासन पढेको, जानेको, बुझेको र भोगेको एवं तिनै विषयमा कार्य सम्पादनसमेत गरेका पूर्वप्रधानन्यायाधीश तथा पूर्वन्यायाधीशको नेतृत्वमा कानुन र न्याय क्षेत्रकै व्यक्तिहरूको बाहुल्यतामा कार्य सम्पादन भइरहेको तथ्य छर्लङ्ग नै छ । यही कारण राष्ट्रिय मानव अधिकार आयोगले संवैधानिक तथा कानुनी दायित्वहरू निर्वाह गर्ने क्रममा मानव अधिकारका सिद्धान्त र दर्शनका आधारमा नभई प्रायः फौजदारी न्याय प्रशासनका दर्शन र सिद्धान्तका आधारमा कामकारबाही भइरहेको देखिन्छ । यसले गर्दा मानव अधिकारका सवाल ओझेलमा परेको र फौजदारी न्यायका सिद्धान्तले मात्रै हालीमुहाली गरेको हो कि भन्ने द्विविधामा पड्क्तिकार स्वयम् पनि छ । यसै कारण अब गठन हुने आयोगमा फौजदारी न्याय प्रशासनका कुरामा मात्रै अल्झिने न्यायाधीश वा कानुनविद्को सट्टामा मानव अधिकारका सिद्धान्तमा नै ख्याति आर्जन गरेका कर्तव्यनिष्ठ व्यक्तिको खोजी हुनु आवश्यक छ। यस दृष्टिबाट हेर्दा नेपालको संविधानको धारा २४८ (६) (क) को वैकल्पिक व्यवस्था अन्तर्गतको ".....वा मानव अधिकारको संरक्षण, संवर्धन वा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा कम्तीमा २० वर्ष क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएको ख्याति प्राप्त व्यक्ति" लाई अध्यक्ष पदमा नियुक्ति गर्नु उचित हुन्छ । यसका साथै अबको आयोगमा माथिका चुनौतीको सामना गर्दै आर्थिक, सामाजिक तथा सांकृतिक अधिकार र डिजिटल युग अनुकूल मानव अधिकारका नवीन अवधारणामा काम गर्न सक्षम विषयविज्ञ एवं अनुसान्धातालाई सदस्यका रूपमा नियुक्ति गर्दा उत्तम हुन्छ । साथै स्तर निर्धारण उपसमितिले बहुलवादको धारणा राख्दै पाँच जना पदाधिकारीमध्ये दुई जना महिला हुने गरी व्यवस्था गर्न सुझाव दिएकाले सो विषय पनि मननयोग्य नै छ ।

नियुक्तिको विधि र प्रक्रिया

आयोगका पदाधिकारी नियुक्तिको इतिहास हेर्ने हो भने सरोकारवालाबिच व्यापक र अर्थपूर्ण छलफल भएको देखिँदैन । वर्तमान आयोग गठनको सन्दर्भमा प्रतिनिधि सभा विगठन भएकै दिन यो आयोगलगायत ५२ जना संवैधानिक निकायका पदाधिकारीको नियुक्ति भएको र नियुक्तिपश्चात् ती पदाधिकारीको संसदीय सुनवाइबिनै शपथ ग्रहण र पदबहाली भएको कुरा सर्वविदितै छ । नियुक्तिपश्चात् आयोगले दुई वटा चुनौती बेहोर्नु पऱ्यो । पहिलो, सर्वोच्च अदालतमा नियुक्ति बदरको माग राखी रिट निवेदन दर्ता भएर न्यायिक प्रक्रिया अघि बढ्यो । दोस्रो, राष्ट्रिय मानव अधिकार संस्थाको विश्वव्यापी सञ्जाललगायतका अन्तर्राष्ट्रिय मञ्चमा नियुक्तिको विधि र प्रक्रिया नपुगेको भनी नेपालका केही मानव अधिकारकर्मी, मानव अधिकार रक्षक र नागरिक समाजसमेतले विरोध जनाएर उजुरीसमेत गरे । राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी सञ्जाल लगायतका अन्तर्राष्ट्रिय सङ्घ संस्थामा त्यसरी उजुरी पर्दासमेत यो पङ्क्तिकारलगायतका कुनै पनि पदाधिकरीविरुद्ध योग्यता पुगे, नपुगेको जस्ता व्यक्तिगत क्षमतामा कुनै प्रश्न उठाइएन तर विधि र प्रक्रियाको गहन र विस्तृत प्रश्न भने उठाइएको थियो ।

नियुक्तिमा विधि र प्रक्रियासमेतको प्रश्न उठाई, पेरिस सिद्धान्त अनुकूलको नियुक्ति प्रक्रिया नभएको भन्नेसमेत दोषारोपण गरी राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी सञ्जाल अन्तर्गतको स्तर निर्धारण उपसमितिले नेपाललाई 'क' स्तर बाट झारेर 'ख' स्तरमा किन नराख्ने ? भन्ने स्पष्टीकरण लिई कारबाहीसमेत चलाएको थियो । त्यसमा आयोगको तर्फबाट नेपालको संविधानको प्रक्रिया पूरा गरी नियुक्ति गरिएको र नेपालको संविधानलाई पेरिस सिद्धान्तले प्रतिकूल प्रभाव पार्न वा विस्थापित गर्न सक्दैन भन्नेसमेतको प्रतिवाद भएको थियो । यसै प्रसङ्गमा पेरिस सिद्धान्त अनुकूलको नियुक्ति प्रक्रिया र नेपालको संविधान अनुसारको नियुक्ति प्रक्रियामा तात्त्विक रूपमा के के अन्तर र समानता छ ? सोसमेत विश्लेषण गर्नुपर्ने अवस्था देखिँदा सङ्क्षेपमा निम्नबमोजिम स्पष्ट पार्ने प्रयास गरिएको छ :

पेरिस सिद्धान्तले मानव अधिकार संस्थाको पदाधिकारी नियुक्त गर्ने क्रममा पदपूर्ति गरिने रिक्त पदबारे विज्ञापन गर्नुपर्ने, नागरिक समाज र मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूसँग पर्याप्त छलफल गर्नुपर्ने, छनोटका मापदण्ड वस्तुगत रूपमा समान तरिकाले लागु गर्नुपर्ने, योग्यता, व्यक्तिगत निष्ठा र व्यवहारमा प्रदर्शित स्वतन्त्रतामा आधारित हुनुपर्ने, बहुलवाद र समावेशी हुनुपर्ने जस्ता प्रावधानलाई जोड दिन्छ । यी प्रावधानले नेपालको संविधान र संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को प्रक्रियासँग तालमेल राखिरहेको देखिँदैन । नेपालको संविधानले नै बहुलवाद र समावेशी सिद्धान्तलाई अङ्गीकार गरेकोले त्यति हदसम्म पेरिस सिद्धान्त अनुकूल भए पनि रिक्त पदमा पदपूर्ति गर्नु पर्दा रिक्त पदको विज्ञापन गर्ने, दरखास्त आह्वान गर्ने, नागरिक समाज र मानव अधिकारवादी संस्थासँग अर्थपूर्ण छलफल गर्ने जस्ता प्रावधान प्रदर्शित हुन सकेका छैनन् । संविधानको धारा २८४ ले प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रतिनिधि सभामा विपक्षी दलको नेता र प्रतिनिधि सभाको उपसभामुख रहेको संवैधानिक परिषद्को व्यवस्था गरेको र सो परिषद्ले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ ले तोकेको प्रक्रिया पूरा गरी नियुक्तिका लागि संविधानको धारा २९२ (१) को प्रयोजन अर्थात् संसदीय सुनवाइका लागि सिफारिस गर्ने र संसदीय सुनवाइको प्रक्रियाबाट अनुमोदित भएपश्चात् राष्ट्रपतिबाट नियुक्ति पाउने संवैधानक र कानुनी व्यवस्था छ ।

स्तर निर्धारण उपसमितिले चलाएको कारबाहीको प्रतिवाद गर्दासमेत नेपालमा कार्यपालिका न्यायपालिका र व्यवस्थापिका जस्ता राज्यका तीनै वटा प्रमुख अङ्गका प्रमुख रहेको संवैधानिक परिषद् विशिष्ट प्रकृतिको रहेको र संसदीय सुनवाइले अझ यो प्रक्रियालाई प्रज्वलित पारेको भन्नेसमेतको दलिल पेस गरेका थियौँ । लामो समयको रस्साकस्सीपश्चात् उल्लिखित विवाद शान्त भए र सर्वोच्च अदालतमा दायर भएको रिट पनि खारेज भयो ।

राष्ट्रिय मानव अधिकार संस्थाहरूको विश्वव्यापी सञ्जाल अन्तर्गतको स्तर निर्धारण उपसमितिले चलाएको कारबाहीको हकमा नियुक्ति प्रक्रिया, आयोगको कामकारबाही बहुलवाद, पर्याप्त बजेट विनियोजन, पदबाट हटाउने प्रावधानमा स्पष्टता जस्ता विषयमा टिप्पणी गर्दै नेपालको 'क' स्तर कायम रहने भन्ने निर्णय भइसकेको छ । यसरी 'क' स्तर कायम रहने निर्णय भइसकेको भए पनि नेपाल ढुक्क भएर रहन सक्ने अवस्था भने छैन । किन कि, स्तर निर्धारण उपसमितिले माथि लेखिएबमोजिमको टिप्पणीलाई सम्बोधन गर्ने गरी राज्यले आजका मितिसम्म पनि कुनै कार्य गर्न सकेको छैन । स्तर निर्धारण उपसमितिले गरेको टिप्पणी अनुसारका कार्य गर्न आयोगका पदाधिकारी नियुक्ति गर्दा भएको त्रुटि फेरि नदोहोरियोस्, नियुक्तिको विधि र प्रक्रियामा कुनै प्रश्न नउठोस् भन्ने समेतको प्रयोजनका लागि आयोगले पेरिस सिद्धान्तको मर्म र भावना अनुकूल हुने गरी संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ मा आवश्यक संशोधन गरियोस् भनी नेपाल सरकारका उच्चपदस्थ पदाधिकारी, प्रतिनिधि सभा र राष्ट्रिय सभाका सांसदहरूलाई पटक पटक औपचारिक र अनौपचारिक अनुरोध गरेको थियो । साथै वर्तमान राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई प्रतिस्थापन गर्न अर्को ऐन निर्माण गरौँ भनी पेरिस सिद्धान्तको मर्म र भावना अनुकूल हुने गरी प्रस्तावित ऐनको मसौदासमेत तयार गरी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाइएको थियो । सो मसौदा लोक सेवा आयोग, अर्थ मन्त्रालय, कानुन मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको वरिपरि घुमिरहेको छ ।

निष्कर्ष

राष्ट्रिय मानव अधिकार आयोगका वर्तमान पदाधिकारीहरूको पदावधि समाप्त हुने लागेकाले नयाँ पदाधिकारी नियुक्त गर्नु संवैधानिक तथा कानुनी रूपमा बाध्यता छ । तर माथि लेखिएबमोजिम पेरिस सिद्धान्त अनुकूल हुने गरी नियुक्तिको विधि र प्रक्रियामा सुधार भइसकेको छैन । यस मानेमा पुरानै प्रवृत्ति र तरिका फेरि हाबी हुने सम्भावना छ । विगतमा नियुक्ति प्रक्रियामा राज्यले त्रुटि गरेको विषयमा कुनै विवाद नै छैन तर राज्य सञ्चालकहरूले त्यसलाई नजिरको मान्यता दिई त्रुटि पुनः दोहोऱ्याउनुको सट्टा त्यसमा सुधार गर्दै लैजाँदा नै आयोग जस्ता राज्यका निकायमा संस्थागत सुधार सम्भव हुन्छ । विगतको त्रुटि नदोहोऱ्याइ पेरिस सिद्धान्तको अनुकूल हुने गरी नेपालको संविधानको धारा २८४ (३) बमोजिम पद रिक्त हुनुभन्दा एक महिना अगावै नयाँ पदाधिकारीको नियुक्तिका लागि सिफारिस गर्न संवैधानिक परिषद्लाई अनुरोध छ । **साभार: गोरखापत्र**

प्रधानमन्त्री वालेन्द्र शाह भारतको दुईदिने राजकीय भ्रमण सम्पन्न गरी सोमबार साँझ स्वदेश फिर्ता

काठमाण्डौं,७ मंसिर/प्रधानमन्त्री वालेन्द्र शाह भारतको दुईदिने राजकीय भ्रमण सम्पन्न गरी सोमबार साँझ स्वदेश फिर्ता हुनुभएको छ ।

प्रधानमन्त्री शाहलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री बिराजभक्त श्रेष्ठले स्वागत गर्नुभएको छ। उहाँलाई नयाँ दिल्लीस्थित इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा बिदाइ गर्न भारतका लागि नेपाली राजदूत डा. निश्चलनाथ पाण्डे, नेपालका लागि भारतीय राजदूत सुधाकर दलेला, भारतीय विदेश मन्त्रालयका अतिरिक्त सचिव मुनु महावार तथा नयाँ दिल्लीस्थित नेपाली दूतावासका वरिष्ठ अधिकारी उपस्थित थिए ।



भ्रमणका क्रममा प्रधानमन्त्री शाहले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग उच्चस्तरीय द्विपक्षीय वार्ता गर्नुभएको थियो । त्यस्तै, भारतीय राष्ट्रपति द्रौपदी मुर्मूसँग शिष्टाचार भेट गर्नुभएको थियो ।

प्रधानमन्त्री शाह नेतृत्वको भ्रमण टोलीमा अर्थमन्त्री स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार ब्यञ्जनकार, राजनीतिक सल्लाहकार असिम शाह, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईलगायत सरकारी अधिकारी, व्यवसायी तथा पत्रकार सहभागी थिए ।

नेपाल र भारतबीच हवाई रुट र पारवहन विस्तारमा ऐतिहासिक सहमति



काठमाण्डौ ७ मंसिर/प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमणका क्रममा दुई देशबीच हवाई रुट र पारवहन क्षेत्रमा महत्त्वपूर्ण तथा दूरगामी सहमति भएको छ ।

नयाँ हवाई रुटहरूको उपलब्धता र हवाई प्रवेश विन्दुहरूको दायरा विस्तार गर्ने विषयमा दुई पक्षबीच सहमति जुटसँगै नेपाललाई हवाई यात्रामा थप सहजता हुने भएको हो । यसले नेपालको वैदेशिक व्यापार लागत घटाउन र आर्थिक गतिविधिलाई चलायमान बनाउन ठूलो सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

प्रधानमन्त्रीको यस उच्चस्तरीय भ्रमणले नेपाल र भारतबीचको शताब्दीऔँ पुरानो सम्बन्धलाई आपसी हित, विश्वास र सहकार्यको नयाँ उचाइमा पुऱ्याएको छ ।

यसैबीच नेपाल र भारतबीच भएका विभिन्न सहमति तथा सम्झौताहरूको प्रभावकारी कार्यान्वयनका लागि उच्चस्तरीय अनुगमन समूहलाई पुनः सक्रिय पारिने भएको छ ।

प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा भएको दुईपक्षीय वार्तापछि संयुक्त प्रेस वक्तव्यमार्फत यसबारे जानकारी गराइएको हो ।

भ्रमणका अवसरमा दुई देशबीच पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको कामलाई तीव्रता दिने, डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनमा सहकार्य गर्ने तथा क्रिकेट पूर्वाधार र राष्ट्रिय क्रिकेट प्रशिक्षण एकेडेमी स्थापनामा सहयोग बढाउने लगायतका महत्त्वपूर्ण सहमति भएका छन् ।

दुवै देशले विगतका सन्धिलगायत सम्झौताहरूलाई आपसी सहमतिमा पुनरावलोकन गर्दै सम्बन्धलाई थप मजबुत बनाउने प्रतिबद्धता जनाएका छन् । यी सम्पूर्ण सहमतिहरूको समयमै र प्रभावकारी कार्यान्वयन सुनिश्चत गर्न उच्चस्तरीय अनुगमन समूहले काम गर्नेछ ।

रौतहटमा सहकर्मीलाई...

हवल्दार यादवका १७ वर्षीय छोरा चन्दनकुमार एसईई उत्तीर्ण गरेपछि अध्ययनका लागि राजधानीमा बस्दै आएका थिए । उनी छठ पर्व मनाउन घर आएका बेला दुई दिनअघि सदरमुकाम गौरस्थित घरबाट हराएका थिए । छोराको खोजीका लागि यादवले जिल्ला प्रहरी कार्यालयको कन्ट्रोल रुममा फोन गरेका थिए ।

कन्ट्रोल रुमबाट सञ्चार शाखामा जानकारी गराउन भनिएपछि यादवले पुनः फोन गर्दा सञ्चार शाखामा कार्यरत महतोले 'जय नेपाल' नभनेको भन्दै अपमानजनक शब्द प्रयोग गरी गालीगलौज गरेको यादवको आरोप छ ।

घटनाको सत्यतथ्य छानबिन गरी आवश्यक कारबाही गर्न मधेश प्रदेश प्रहरी कार्यालयले निर्देशन दिएको थियो ।

आफ्नो नामकोकाठ...

डिभिजन वन कार्यालय सिमराले उपभोक्ताहरुमा बिक्री गरिएको काठबाट प्राप्त रकमको भौचर र काठको लगतसमेत आगामी मंसिर १५ गतेभित्र पेस गर्न समूहमा पत्राचार गरेकोले सोही समयभित्र उपभोक्ताहरुले पनि रकम बुझाएर आफ्नो नाममा परेको काठ लगिसक्नुपर्ने बताउनुभयो ।

'गोला तानेर पनि केही उपभोक्ताहरु अझै काठ लिन आउनुभएको छैन, समूहकी सचिव शारदा फकामीले भन्नुभयो, जसले गर्दा वन कार्यालयमा लगत पेस गर्न र रकम जम्मा गरेर काठ लिन आएका उपभोक्ताहरुमा वितरण गर्न पनि समस्या परेको छ ।'

वन कार्यालयले आन्तरिक खपतअन्तर्गत यसअघि उपभोक्ताहरुलाई वितरण गरेर बाँकी रहेको काठ बिक्री गर्न समूहलाई दोस्रो पटक १५ दिने म्याद दिएको हो ।

वन समूहले आन्तरिक खपत अन्तर्गत न्यूनतम राजश्व दर रेटमा काठ बिक्री गर्न उपभोक्ताहरुमा गोला प्रथा गरेको थियो । जसअनुसार आफूले तानेको गोलामा उल्लेख भएको काठमात्र उपभोक्ताहरुले खरिद गर्नसक्ने छन ।

भीमफेदी दुर्घटना:...

५ बजे काठमाडौंबाट सर्लाहीको मलंगवाका लागि यात्रा सुरु गरेका थिए । सोही दिन दिउँसो १ बजे मलंगवा पुगेपछि ६ घण्टा विश्राम गरी साँझ ७ बजे पुनः काठमाडौंका लागि प्रस्थान गरेका थिए । भोलिपल्ट बिहान २ बजे काठमाडौं पुगेका उनले साढे ५ घण्टा विश्राम गरेका थिए ।

कात्तिक २५ गते बिहान साढे ७ बजे काठमाडौंबाट मलंगवाका लागि हिँडेका उनी दिउँसो साढे २ बजे मलंगवा पुगेका थिए । त्यहाँ साढे २ घण्टा विश्राम गरेपछि साँझ ५ बजे पुनः काठमाडौंका लागि प्रस्थान गरेका थिए ।

भोलिपल्ट कात्तिक २६ गते बिहान १ बजे काठमाडौं पुगेका चालकले एक घण्टा मात्रै विश्राम गरी बिहान २ बजे पुनः मलंगवाका लागि २० जना बोकेर यात्रा सुरु गरेका थिए। त्यसको करिब ३ घण्टा ४५ मिनेटपछि बिहान ५ बजेर ४५ मिनेटमा चिसापानी गढीमा सवारी दुर्घटनामा परेको थियो ।

समितिले चालकको लगातारको कार्यअवधि र अपर्याप्त विश्रामले शारीरिक तथा मानसिक थकान उत्पन्न गराई एकाग्रता र तत्काल निर्णय गर्ने क्षमतामा असर पारेको हुन सक्ने निष्कर्ष निकालेको छ । यद्यपि चालक निदाएको वा अचेत भएको तथ्य भने पुष्टि हुन नसकेको प्रतिवेदनमा उल्लेख छ ।

दुर्घटनाको अर्को महत्त्वपूर्ण पक्ष सवारी साधनमा क्षमताभन्दा बढी यात्रु राखिएको विषय प्रतिवेदनमा उल्लेख छ । सवारीको ब्लुबुकमा ११ जना यात्रु बोक्न सक्ने क्षमता उल्लेख भए पनि दुर्घटनाका बेला चालकसहित २० जना सवार थिए ।

कलैयाको भूमिप्रशासन....

यादव, मालपोत कार्यालयका अन्य कर्मचारी, लेखापढी व्यवसायीका प्रतिनिधि, नगारिक अगुवा तथा सञ्चारकर्मी संजय तिवारी, साजिर मंसुर लगायतकाको उपस्थिति रहेको थियो ।

स्थानीय तहमै मालपोत तथा नापीसम्बन्धी एकीकृत सेवा सञ्चालनमा आएपछि जग्गा प्रशासनसँग सम्बन्धित कामका लागि सेवाग्राहीले विभिन्न कार्यालय धाउनुपर्ने बाध्यता कम हुने र सेवा प्रवाह थप सहज हुने अपेक्षा गरिएको छ ।

क्रिकेट पूर्वाधार र खेलाडी प्रशिक्षणमा सहयोग बढाउने भारतको प्रतिबद्धता

काठमाडौं ७ मंसिर/भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालमा खेलकुद पूर्वाधार विकास र खेलाडीको प्रशिक्षणमा सहयोग बढाउने बताउनुभएको छ । प्रधानमन्त्री बालेन शाहको भारत भ्रमणका क्रममा मोदीले क्रिकेटसहित खेलकुद क्षेत्रमा सहयोग विस्तार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको हो । 'खेलकुद, विशेषगरी क्रिकेटमा पनि हामी नेपालमा पूर्वाधार विकास र खेलाडीहरूको प्रशिक्षणमा सहयोग बढाउनेछौं,' प्रधानमन्त्री बालेनसँगको भेटपछि सम्बोधनका क्रममा मोदीले भन्नुभएको छ ।

नेपालले भारतसँग लामो समयदेखि अन्तर्राष्ट्रिय स्तरका क्रिकेट रंगशाला निर्माण, राष्ट्रिय टोली तथा युवा खेलाडीको प्रशिक्षण र प्राविधिक सहयोगका विषय उठाउँदै आएको छ ।

पोखरा र फाप्लामा प्रस्तावित क्रिकेट रंगशाला निर्माणका लागि भारतको प्राविधिक तथा आर्थिक सहयोग जुटाउने विषय पनि नेपालको प्राथमिकतामा रहँदै आएको छ ।

त्यसैगरी, भारतको बेंगलुरुस्थित राष्ट्रिय क्रिकेट एकेडेमीमा नेपाली खेलाडीको प्रशिक्षणलाई नियमित बनाउने र युवा खेलाडीका लागि फेलोसिप कार्यक्रम विस्तार गर्ने विषयमा पनि नेपालले चासो देखाउँदै आएको छ ।

नेपालले क्रिकेट पूर्वाधार निर्माणमा सहयोगका लागि एक दशकभन्दा लामो समयदेखि भारतसँग विभिन्न तहमा प्रस्ताव राख्दै आए पनि अहिलेसम्म रंगशाला निर्माणमा ठोस द्विपक्षीय सहकार्य हुन सकेको छैन । मोदीको पछिल्लो प्रतिबद्धताले अब पूर्वाधार निर्माण र खेलाडी प्रशिक्षणमा सहकार्य विस्तार हुने अपेक्षा बढाएको छ ।

मधेशमा मध्यावधि...

सबैभन्दा ठूलो र तत्कालको परीक्षा ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्नु हो । उपधारा (२) अन्तर्गत गठबन्धन बनाएर बहुमत जुटाउन नसकेका दलहरूलाई रिझाएर १०७ सदस्यीय प्रदेशसभामा बहुमतको अंकगणित पुऱ्याउनु यादवका लागि फलामको चिउरा चपाउनुसरह हुनेछ । यदि निर्धारित ३० दिनभित्र विश्वासको मत प्राप्त हुन नसकेमा संवैधानिक प्रक्रिया उपधारा (५) मा जाने र त्यहाँबाट पनि सरकार नबने प्रदेशसभा विघटन भई मध्यावधि निर्वाचनमा जाने गम्भीर जोखिम रहन्छ ।

पटक(पटकको सत्ता परिवर्तनले मधेशको विकास निर्माण र बजेट कार्यान्वयन नराम्ररी प्रभावित हुँदै आएको छ । यस्तो अस्थिर राजनीतिक जगमा उभिएर सत्ता साझेदार दलहरूबीच मन्त्रालय भागबन्डा मिलाउनु, आफ्नै पार्टीभित्रको आन्तरिक व्यवस्थापन गर्नु र प्रशासनिक संयन्त्रलाई विश्वासमा लिएर सुशासन तथा पुँजीगत खर्च बढाउनु यादवका लागि मुख्य चुनौती रहनेछ ।

अबको ३० दिनमा यादवले दलीय सहमति जुटाएर सरकारलाई स्थायित्व दिनुहुन्छ वा मधेश पुनः अर्को राजनीतिक अन्योलतर्फ धकेलिन्छ भन्ने विषयले प्रदेशको आगामी राजनीतिक दिशा तय गर्नेछ ।

मोतिहारी-अमलेखगञ्ज...

ट्याङ्की, दुई सय ५० किलोलिटर क्षमताको ट्रान्समिक्स ट्याङ्की र आधुनिक अग्नि नियन्त्रण पूर्वाधार निर्माण भएको छ ।

दोस्रो चरणको परियोजना सम्पन्न भएसँगै अब पाइपलाइनबाट डिजेलसँगै पेट्रोल र मट्टितेलसमेत भित्रिनेछ भने डिपोबाट दैनिक तीन सय ट्याङ्कर इन्धन लोड गर्न मिल्नेछ । परियोजना पूर्णरूपमा सञ्चालनमा आएपछि दैनिक दुई सय १३ वटा ट्याङ्करले ढुवानी गर्ने बराबरको इन्धन पाइपलाइनबाटै आउने नेपाल आयल निगम अमलेखगञ्ज डिपोका प्रमुख अशोक साहले जानकारी दिनुभयो ।

यसअघि पहिलो चरणमा भारतको चार अर्ब रुपैयाँको लगानीमा ६९ किलोमिटर लामो मोतिहारी(अमलेखगञ्ज पाइपलाइन निर्माण गरिएको थियो । दक्षिण एसियाकै पहिलो क्रस(बोर्डर (अन्तरदेशीय) पेट्रोलियम पाइपलाइनको पहिलो चरणको उद्घाटन २०७६ भदौ २४ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरूपमा गरेका थिए । पहिलो चरणमा पाइपलाइनबाट डिजेल मात्र आयात हुँदै आएको थियो ।



गर्भवती युवतीको मृत्युपछि बरहथवाको नगर अस्पतालमा तोडफोड र आगजनी



सर्लाही, ७ मंसिर/गर्भवती युवतीको उपचारको क्रममा मृत्यु भएपछि आफन्त र स्थानीयले सर्लाहीको बरहथवामा रहेको नगर अस्पतालमा तोडफोड र आगजनी गरेका छन् ।

बरहथवा नगरपालिका(५ हातीढुंगा पानीटंकी टोल बस्ने रुपेश रामकी श्रीमती ९ महिनाकी गर्भवती करिब २१ वर्षीया सीमा राम देवीको उपचारको क्रममा आइतबार राति मृत्यु भएपछि नगर अस्पताल बरहथवामा आगजनी तथा तोडफोड भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

गर्भवती सीमा विरामी परेपछि आइतबार उनलाई उपचारको लागि आफन्तले नगर अस्पताल पुऱ्याएका थिए। उपचारको क्रममा उनको अवस्था गम्भीर देखिएपछि चिकित्सकले थप उपचारको लागि वीरगन्ज रेफर गरेका थिए । वीरगञ्ज लैजाँदै गर्दा उनको बाटैमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

उपचारमा डाक्टरले लापरबाही गर्दा उनको मृत्यु भएको आरोप लगाउँदै आफन्त र स्थानीयवासीले नगर अस्पतालमा पेट्रोल छर्केर आगजनी गरेका हुन्। आगजनी र तोडफोडबाट अस्पतालको इमरजेन्सी कक्षमा ठुलो क्षति पुगेको छ ।

घटनाको जानकारी पाउनासाथ इलाका प्रहरी कार्यालय बरहथवाबाट प्रहरी टोली, जिल्ला प्रहरी कार्यालय सर्लाही तथा सशस्त्र प्रहरी बल सुरक्षा बेस सुन्दरपुर चौहर्वाबाट प्रहरी टोली राति नै घटनास्थलमा पुगेको थियो । प्रहरी र स्थानीयको सक्रियतामा आगजनी नियन्त्रणमा लिएपनि इमरजेन्सी कक्षमा धेरै नै क्षति भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

पक्राउ पर्नेमा बरहथवा(५ का ३३ वर्षीय राजेश कुमार महरा, २१ वर्षीय रोहन महरा, रौतहटको गजुरा नगरपालिका(९ सिमरा बस्ने ४२ वर्षीय भुसेनी महरा र उनका छोरा २० वर्षीय राजन राम छन् । आगजनीबाट अस्पतालमा झण्डै तीस लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

अस्पतालमा पेट्रोल छर्केर आगो लगाउने र तोडफोड गर्ने कार्यमा सोही अस्पतालमा कार्यरत कर्मचारी ३० वर्षीय धिरज महरा र ४२ वर्षीय सुरेश महरा पनि संलग्न रहेका प्रहरीले जनाएको छ । घटनापछि उनीहरू फरार छन् । घटनाको सम्बन्धमा थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

नेसनल मेडिकल कलेज प्रथम वर्षका आवासीय चिकित्सकको सामूहिक राजीनामा घोषणा



वीरगञ्ज, ७ मंसिर/पर्साको वीरगन्जमा रहेको नेसनल मेडिकल कलेजमा स्नातकोत्तर (पीजी) तहमा आवासीय तालिमरत प्रथम वर्षका आवासीय चिकित्सकहरूले आफ्नो पदबाट सामूहिक रूपमा राजीनामा दिएका छन् ।

उनीहरूले आज मंसिर ७ गते शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेललाई सम्बोधन गर्दै पत्र लेखेर सामूहिक राजीनामा घोषणा गरेका हुन्

'कलेजका कार्य तथा अभ्यासहरूविरुद्ध हामीले मिति २०८३/०५/३१ देखि शान्तिपूर्ण पेन डाउन आन्दोलन सुरु गरेका थियौं । विगत दुई (२) महिनामा शिक्षा तथा खेलकुद मन्त्रालय, चिकित्सा शिक्षा आयोग, त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम) को डिन कार्यालय र कलेज प्रशासनसँग बारम्बार बैठक भए । हामीले प्रत्येक आरोपका सम्बन्धमा आवश्यक सबै प्रमाणहरू प्रस्तुत गऱ्यौं । तर पनि सरोकारवाला निकायहरूले समस्याको समाधान गर्न सकेनन् र, हामीलाई समाधान हुने झुटो आशामा राखियो', उनीहरूले पत्रमा लेखेका छन्, 'परिणामस्वरूप समस्या अहिले गम्भीर संकटमा परिणत भएको छ। अतः सुरक्षित, सम्मानजनक र निष्पक्ष वातावरणमा तालिम निरन्तरता दिन सम्भव नरहेको हुँदा, अन्य कुनै विकल्प नरहेकाले हामी सबै जनाले आफ्नो सामूहिक राजीनामा पेस गरेका छौं।'

जनकपुरधाम-अयोध्या रेल सेवाको औपचारिक शुभारम्भ



जनकपुरधाम, ७ मंसिर/नेपाल र भारतका दुई धार्मिक तथा ऐतिहासिक नगरी जनकपुरधाम र अयोध्याबीच आजदेखि सीधा रेल सेवा औपचारिक रूपमा सञ्चालनमा आएको छ ।

प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमणका क्रममा सोमबार नेपालका प्रधानमन्त्री शाह र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा हरियो झन्डा देखाएर उक्त साप्ताहिक रेल सेवाको शुभारम्भ गरेका हुन् ।

राम(सीताको जन्मभूमिलाई रेलमार्गबाट जोड्ने यो ऐतिहासिक सेवाले दुई देशबीचको धार्मिक, सांस्कृतिक र जनस्तरको सम्बन्धलाई थप मजबुत बनाउने विश्वास लिइएको छ । उत्तर रेल्वेको लखनउ मण्डल रेल प्रबन्धक कार्यालयको संयोजनमा भारतको अयोध्या रेल्वे स्टेसनमा आयोजित विशेष समारोहका बीच नयाँ एक्सप्रेस रेललाई हरियो झन्डा देखाएर सेवा सुरु गरिएको हो ।

भारतीय प्रेस इन्फर्मेसन ब्यूरो (पीआईबी) का अनुसार भारतीय रेल्वेको स्वीकृतिमा सञ्चालनमा आएको करिब ६०४ किलोमिटर दूरीको यो रेल सेवाले बिहार र उत्तर प्रदेशका विभिन्न प्रमुख सहर हुँदै दुई धार्मिक नगरीलाई जोडेको छ ।

नेपाल रेल्वे कम्पनीका प्रबन्ध सञ्चालक परिवेश पराजुलीका अनुसार प्रारम्भिक चरणमा यो रेल सातामा एकपटक सञ्चालन हुनेछ । निर्धारित समयतालिकाअनुसार रेल नम्बर १५५९५ प्रत्येक शनिबार दिउँसो १:१० बजे जनकपुरधामबाट छुटेर आइतबार बिहान ८:१० बजे अयोध्या क्यान्ट पुग्नेछ

यसैगरी रेल नम्बर १५५९६ प्रत्येक सोमबार साँझ ५:५० बजे अयोध्या क्यान्टबाट प्रस्थान गरी मंगलबार दिउँसो १२:४० बजे जनकपुरधाम आइपुग्नेछ। यात्रुहरूको सुविधाका लागि जयनगर, मधुबनी, सीतामढी, रक्सौल, नरकटियागञ्ज, गोरखपुर, बस्ती, मनकापुर र अयोध्या धाममा व्यावसायिक बिसौनी तोकिएका छन् ।

हाल भारतको जयनगरदेखि जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म सञ्चालनमा रहेको नियमित रेल सञ्जाललाई आधार बनाएर अयोध्यासम्मको यो नयाँ सेवा विस्तार गरिएको हो । रामायणसँग जोडिएका जनकपुरधाम र अयोध्याबीच सीधा रेल सम्पर्क स्थापित भएसँगै दुवै देशका धार्मिक पर्यटक तथा श्रद्धालुको आवागमन सहज हुनुका साथै रामायण सर्किटको अवधारणाले समेत थप गति लिने अपेक्षा गरिएको छ ।

'मोबाइलमा 'हाई-अलर्ट' को सूचना आउन सक्छ, नआत्तिनू'

काठमाण्डौ ७ मंसिर/सरकारले आज काठमाण्डौ उपत्यकाका मोबाइल प्रयोगकर्ताहरूमाझ 'सेल ब्रोडकास्ट प्रणाली' को परीक्षण गर्दैछ। त्यस क्रममा कतिपय मोबाइल प्रयोगकर्ताहरूको सेटमा आपत्कालीन सतर्कता सन्देश जारी हुन्छ ।

सूचना तथा सञ्चार मन्त्रालय र गृह मन्त्रालयले संयुक्त सूचना निकालेर मोबाइलमा आउने आपत्कालीन



सन्देशबाट नआत्तिन आग्रह गरेका छन्

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र सम्बन्धित निकायहरूले आपत्कालीन प्रसारण प्रणालीको प्रभावकारिता परीक्षण तथा सुरक्षा सतर्कताका लागि यस्ता सूचनाहरू मोबाइलमा पठाउने तयारी भएको हो ।

सम्भावित प्राकृतिक वा अन्य विपद्को बेला नागरिकलाई समयमै सजग गराउन यो प्रणालीको अभ्यास गर्न लागिएको हो ।

लैङ्गिक हिंसा दण्डनीय अपराध हो

- समाजमा हुने सबै प्रकारका हिंसा विरुद्ध एक जुट बनौं,
- लैङ्गिक हिंसा विरुद्ध सम्बेदनशिल र जिम्मेवार बनौं,
- प्रविधिको सही प्रयोग गरौं, लैङ्गिक हिंसामुक्त समाज निर्माण गरौं,
- लैङ्गिक हिंसा पीडितलाई न्याय र सेवामा सहज पहुँच सुनिश्चित गरौं ।

'लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता: पीडितको संरक्षण, दण्डहीनताको अन्त्य र न्यायको सुनिश्चितता'

नेपाल सरकार
विज्ञापन बोर्ड

भीमफेदी दुर्घटना : चालकको अत्यधिक थकान र क्षमताभन्दा बढी यात्रु



हेटौडा, ७ मंसिर/मकवानपुरको भीमफेदी गाउँपालिका-६ स्थित चिसापानी गढीमा १४ जनाको ज्यान जाने गरी भएको सवारी दुर्घटनामा चालकको अत्यधिक कार्यअवधि र क्षमताभन्दा बढी यात्रु राखिएको तथ्य खुलेको छ ।

जिल्ला प्रशासन कार्यालय, मकवानपुरले गठन गरेको छानबिन समितिको प्रतिवेदनले चालकले पर्याप्त आराम नगरी लामो समयसम्म सवारी चलाएको देखाएको छ। त्यससँगै ११ यात्रु क्षमताको गाडीमा चालकसहित २० जना सवार रहेको पनि औंल्याएको छ ।

समितिले सोमबार तयार पारेको प्रतिवेदनमा दुर्घटनाग्रस्त मधेश प्रदेश ०३-००१ ज ०८८० नम्बरको हाइसका चालक रविशंकर कुमार मण्डलले पछिल्लो ४८ घण्टा ४५ मिनेटमा ३३ घण्टा ४५ मिनेट सवारी चलाएको पाइएको छ। यो अवधिमा उनले जम्मा १५ घण्टा मात्र विश्राम गरेको प्रतिवेदनमा उल्लेख छ ।

चालकले कात्तिक २४ गते बिहान

बाँकी तेश्रो पेजमा

प्रकाशक:के.एस.मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगद नगरपालिका वार्ड नम्बर-४ बारा email:- kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा .लि. बीरगञ्ज ,पर्सा ०५१-५९१८७३